का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ चैत २०८२
शुक्रबार
20 March 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २४, अंक ५७। पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com

**कभर स्टोरी**

# विदेशको कमाइ स्वदेशमा लगानी

बिदेसिएका नेपालीको कमाइ र सीपलाई स्वदेशको लगानीमा रूपान्तरण गर्न सके आर्थिक समृद्धिको बलियो आधार बन्न सक्छ। तर, अहिले रेमिटेन्स अत्यधिक भित्रिए पनि लगानी न्यून हुनु र कानुनी तथा नीतिगत बाधाहरूले गैरआवासीय नेपालीको पुँजी अड्किएको देखिन्छ। त्यसैले, लगानीमैत्री वातावरण, स्पष्ट कानुन र भरोसापूर्ण स्थिर सरकार बन्न सके मात्रै विदेशको 'रिजर्भ' पुँजी नेपालमा फर्कनेछ।

■ **रूपेश आचार्य**/मध्यान्ह



गैरआवासीय नेपालीको लगानी पैसामा मात्र खोजिनुहुन्न । उनीहरूले सीप, प्रविधि, ज्ञान पनि स्वदेश भित्र्याउँछन् ।

● **उपेन्द्र महतो**
संस्थापक अध्यक्ष, एनआरएनए



तपाईंसँग भएको सोच, पुँजी, प्रविधि लगानी बोर्डमा प्रस्ताव गर्नुस् । हामी अगाडि बढाउन तयार छौं' भनेका छौं । लगानी बोर्ड र एनआरएनएबीच एमओयू नै गरेर जाने सोचेका छौं

● **सुशील ज्ञवाली**
अध्यक्ष, लगानी बोर्ड



धेरै देशमा निश्चित प्रतिशत कर तिरेर पुँजी फिर्ता लैजान पाउने व्यवस्था छ । तर यहाँ त्यस्तो कुरा गर्दा ५० प्रतिशत कर चाहिन्छ भन्ने गरिन्छ । त्यसरी त लगानी आउँदैन ।

● **ज्ञानेन्द्र रेग्मी**
नवनिर्वाचित उपाध्यक्ष



रेमिटेन्सबाट भित्रिएको रकमको ठूलो मात्रा विलासिता वा उपभोग्य वस्तुको आयातमा बाहिरिने गरेकोले त्यसलाई रोक्न पनि अहिले मात्र दुई अर्बमा सीमित निर्यातलाई १० देखि १५ अर्बसम्म पुऱ्याउने लक्ष्य प्राप्ति गर्नुपर्छ ।

● **अनलराज भट्टराई**
सिइओ, एनआरएनए
नेपाल विकास कोष



सन् १९८०तिर भारतका तत्कालीन प्रधानमन्त्री राजीव गान्धीलाई पत्रकारले 'ब्रेन ड्रेन'बढेकोबारे सोधेको प्रश्नमा उनको जवाफ रोचक थियो। गान्धीले भनेका थिए, 'त्यो ब्रेन ड्रेन होइन । हाम्रा लागि विदेशमा ब्रेन 'रिजर्भ' भएको हो ।'

नभन्दै भारतले विदेश गएका प्रतिभाका पुँजी र सीपलाई स्वदेश भित्र्याएर देशको समृद्धिका लागि प्रयोग गर्न थाल्यो । विश्वको सर्वाधिक ठूलो डायस्पोरा जनसंख्या भएको मुलुक बन्यो भारत । सन् २०२२ सम्म आइपुग्दा गैरआवासीय भारतीयले एक सय ११ खर्ब डलरको लगानी मातृभूमिमा गरे ।

नेपालमा पनि दिनहुँ हजारौंको संख्यामा युवाशक्ति बिदेसिएको छ । यसपटकको चुनावमा बिदेसिन बाध्य युवालाई स्वदेश फर्काइछाड्ने एजेन्डा चर्को स्वरमा सुनियो। यस्तोमा भारतीय पूर्वप्रधानमन्त्री गान्धीले भनेझैं विदेशी भूमिमा 'रिजर्भ' पुँजी, सीप र ज्ञान नेपालमा भित्र्याउने प्रयास भइरहेको छ ? भर्खरै काठमाडौंमा गरिएको गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औं महाधिवेशनको घोषणा छ- 'वातावरण बनाऊ, हामी पुँजी र सीप लिएर फर्कन तयार छौं।'

अहिले ४३ अर्ब डलरको हाराहारीमा रहेको कुल गार्हस्थ उत्पादनलाई सन् २०३० सम्ममा एक खर्ब पुऱ्याउने लक्ष्य छ। प्रतिवर्ष ५७ अर्ब डलर रहेको प्रत्यक्ष वैदेशिक लगानीलाई तीन देखि पाँच खर्बसम्म पुऱ्याउने महत्वाकांक्षी लक्ष्यहरू भेट्न अहिले भ्यागुते उफ्राइ आर्थिक वृद्धि हुनुपर्ने देखिन्छ। ती लक्ष्य पूरा गर्न अहिलेको साढे चार प्रतिशत हाराहारीको आर्थिक वृद्धिले पुग्दैन, १० देखि १२ प्रतिशतको आर्थिक वृद्धि चाहिन्छ। प्रश्न उठ्छ- हाम्रोजस्तो देशमा दोहोरो अंकको आर्थिक वृद्धि र अर्थतन्त्रको आकारलाई पाँच वर्षभित्र दोब्बर बनाउन सम्भव छ ? त्यसैका लागि आफूहरूले लगानीको वातावरण खोजेको एनआरएनएका अगुवाहरू बताउँछन् ।

विस्तृत पृष्ठ २ मा




# चैत १३ मा बालेन प्रधानमन्त्री

सरकार गठनको प्रक्रिया अघि बढाउन छलफल प्रारम्भ भएको छ । अहिले नै ठोस निष्कर्षभन्दा पनि केही दिनमा सरकारको खाका आउँछ ।

**स्वर्णिम वाग्ले**
उपसभापति, रास्वपा

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ५ चैत ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा झन्डै दुईतिहाइ बहुमत प्राप्त गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नयाँ सरकार गठनको तयारीमा जुटेको छ।

निर्वाचन आयोगले बिहीबार निर्वाचन नतिजाको प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएसँगै नयाँ सरकार गठनको प्रक्रियाले औपचारिकता पाएको हो। आयोगले प्रतिवेदन बुझाएसँगै अब संसद् अधिवेशन आह्वान हुने र प्रधानमन्त्री नियुक्तिको प्रक्रिया अघि बढ्ने राष्ट्रपति कार्यालयले जनाएको छ।



निर्वाचन आयोगका पदाधिकारीहरू शीतलनिवास पुग्दा दरबारमार्गस्थित होटल रोयलसिंगेमा रास्वपाका शीर्ष नेताहरू सरकारको गृहकार्यमा थिए । सो बैठकले चैत १३ गते वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन'ले प्रधानमन्त्रीको शपथ लिने टुंगो लगाएको छ । बैठकमा सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन, उपसभापतिद्वय डिपी अर्याल र डा. स्वर्णिम वाग्ले सहभागी थिए।

उपसभापति वाग्लेले सरकार गठन प्रक्रियाबारे छलफल अघि बढेको जानकारी दिए । 'हामीले अब सरकार गठनको प्रक्रियालाई अघि बढाउनुपर्छ भनेर छलफल प्रारम्भ गरेका छौं । अहिले आजै ठोस कुराभन्दा पनि हामी प्रारम्भमा छौं। केही दिनमा सरकारको खाका आउँछ,' बैठकपछि उनले भने । बालेन प्रधानमन्त्री नियुक्त हुनुअघि निर्वाचित पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## आर्थिक क्षेत्रमा आक्रमणपछि खाडीमा उच्च त्रास

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ चैत

इरानले आफ्ना छिमेकी खाडी मुलुकमा अहिलेसम्मकै घातक हमला गरेको छ। इरानी आक्रमणले युएई, कतार र साउदी अरेबियामा रहेका लाखौं नेपाली थप त्रासमा परेका छन्।

३ करोड १० लाखभन्दा बढी आप्रवासी कामदार रहेको त्यस क्षेत्रमा १९ लाखभन्दा बढी नेपाली वैधानिक हैसियतमा कार्यरत छन् । सैन्य केन्द्रहरू छोडेर ग्यास पृष्ठ २ मा

## कम्बोडियाबाट २० नेपालीको उद्धार

**काठमाडौं/मस-** कम्बोडियामा अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएका र बिना भिसा बसिरहेका २० नेपालीलाई उद्धार गरी स्वेदश फर्काइएको छ। थाइल्यान्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी उनीहरुलाई बिहीबार स्वदेश फर्काइएको पृष्ठ २ मा

## आजदेखि इद-उल-फित्र सुरु

**काठमाडौं/मस-** युद्धको चपेटामा परेका खाडी मुलुकमा आज अर्थात् शुक्रबारदेखि एक महिने उपवासको पर्व इद-उल-फित्र सुरु हुँदै छ । चन्द्र दर्शन समितिले शव्वालको चन्द्रमा नदेखिएको पुष्टि गरेपछि रमजान महिनालाई पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
६ चैत २०८२ शुक्रबार
20 March 2026 Friday

कभर स्टोरी




# विदेशको कमाइ स्वदेशमा लगानी

अनुकूल नीति र सुशासनको ग्यारेन्टी त चाहियो नै, साथमा आर्थिक वृद्धिलाई द्रुत गतिमा अगाडी लैजाने, उच्चस्तरको लगानी र बलियो उत्पादकत्व आवश्यक हुन्छ।

विदेशमा कठोर संघर्ष गरेर कमाएको रकम स्वदेशको कुनै उद्यममा लगानी गर्न पाए त्यहाँ रोजगारी सृजना हुने मात्र नभई आयात घटाउन मद्दत पुग्छ। जनसंख्याको झन्डै २६ प्रतिशत अर्थात् करिब ८० लाख नेपाली अहिले विदेशी भूमिमा रहेको विभिन्न तथ्यांकले बताउँछ।

रेमिटेन्सभन्दा थोरै लगानी

विदेश जानेको लर्को ठूलो देखिए पनि स्वदेशमै लगानी भने निकै कम छ। एनआरएन नेपाल विकास कोषका सिइओ अनलराज भट्टराईका अनुसार नेपालमा गत आर्थिक वर्षमा सबै प्रकारका गरी खुद वैदेशिक लगानी मात्र साढे आठ अर्ब भित्रियो। जुन कुल ग्राहस्थ उत्पादनको सानो हिस्सा मात्र हो। तर यही अवधिमा रेमिटेन्स भने दुई सय गुणा बढी भित्रियो। 'यसले नेपाली डायस्पोरासँग समेटन नसकिएको पुँजीको मात्रा कति छ भन्ने प्रष्ट देखाउँछ', उनले भने, 'रेमिटेन्सबाट भित्रिएको रकमको ठूलो मात्रा विलासिता वा उपभोग्य वस्तुको आयातमा बाहिरिने गरेकोले त्यसलाई रोक्न पनि अहिले मात्र दुइ अर्बमा सिमित निर्यातलाई १० देखि १५ अर्बसम्म पुर्याउने लक्ष्य प्राप्ति गर्नुपर्छ।' त्यसका लागि बिदेसिएका नेपालीलाई मातृभुमिमा लगानी गर्न आकर्षित गर्नैपर्ने भट्टराई बताउँछन्।

बाधाहरू पन्छाऊ पहिले

निजी क्षेत्रले भनिरहेझैं गैरआवासीय नेपालीलाई पनि लगानी गर्न देशभित्र अनेकौं बाधा सामना गर्नुपरेको छ। सबैभन्दा पहिलो बाधा संविधानले गैरआवसीय नेपालीलाई दिएको आर्थिक अधिकार कार्यान्वयनमा नआउनु हो। उनीहरूले देशमा चल-अचल सम्पत्तिको व्यवस्थापन सहजै गर्नसक्ने स्थिति बनेकै छैन। आवासको लागि घरजग्गा खरिद गर्ने नेपालमा रहेको पुख्यौली सम्पत्ति परिचालन गर्ने, सम्पत्तिलाई हस्तान्तरण वा बिक्रि गर्न पाउनेजस्ता कुराको सुनिश्चितता र कानुनी अन्यौलहरू हटाउनुपर्ने भट्टराई बताउँछन्। 'विगतमा त्यस्ता अस्थिरताले गैरआवासीय नेपालीको लगानीलाई निरुत्साहित गरेको छ', उनले भने।

एनआरएनहरूले व्यवसायका सबै क्षेत्रमा लगानी गर्न पाउने, खोल्न र चलाउन निर्बाध पाउने, स्वदेशी वा विदेशी मुद्रामा बैंक खाता खोल्न सकिने स्वचालित रुटबाट नाफा लैजान वा पुँजी फिर्ता लैजान पाउने व्यवस्था चाहेका छन्। त्यसका लागि एनआरएनसम्बन्धी कानुन र वैदेशिक लगानी एवं प्रविधि हस्तान्तरण ऐन २०७५ लाई एकअर्कासँग सम्बन्धित गराउनेजस्ता काम तत्काल गरिनुपर्ने देखिन्छ। यसभन्दा महत्वपुर्ण गैरआवासिय नेपालीले पाउने नागरिकता छ। त्योसँगै जोडिएका देशभित्र निःशुल्क प्रवेशाज्ञा, आवासिय भिसासम्बन्धी बाधाको अन्त्य र नेपालमा बस्न तथा विभिन्न ठाउँको यात्रा गर्न निर्वाध पाउनुपर्ने अधिकार सुरक्षित हुनपर्ने हो। तर, एनआरए नागरिकतालाई अहिले मालपोत र यातायात व्यवस्था कार्यालयजस्ता राज्यका धेरै निकायले नचिन्ने गरेको संस्थाका निवर्तमान अध्यक्ष बद्रि केसी बताउँछन्।

एआरएनलाई लगानी गर्नुपर्‍यो भन्ने निकाय र व्यक्ति धेरै छन। काठमाडौंको सोल्टी होटेलमा एनआरएनएको १२औं अन्तर्राष्ट्रिय अधिवेशनलाई सम्बोधन गर्दै प्रधानमन्त्री सुशीला कार्कीलगायत सबैले उही कुरा दोहेर्‍याए। प्रम कार्कीले नेपालको संविधानले गैरआवासीय नेपालीहरूलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सहितको नागरिकताको व्यवस्था गरेको सम्झाइन्। यो प्रबन्ध मातृभूमि र प्रवासी नेपालीबीचको आत्मीय सम्बन्धलाई अझ बलियो बनाउने सेतु भएको व्याख्या गर्दै उनले थपिन् ,'यसले तपाईंहरू जहाँ रहेपनि आफ्नो ज्ञान, सीप, अनुभव र पुँजीलाई मातृभूमिको विकासमा योगदान गर्न सक्ने अवसर सुनिश्चित गरेको छ।' नेपाल नयाँ सरकार गठनको चरणमा रहेको भन्दै प्रधानमन्त्री कार्कीले वैदेशिक लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्ने, गैरआवासीय नेपालीको पुँजीलाई सुरक्षित र पारदर्शी ढङ्गले परिचालन गर्ने तथा दीर्घकालीन लगानी संरचना निर्माण गर्ने नीति अबको प्राथमिकतामा रहने विश्वास व्यक्त गरिन्।

एनआरएनका संस्थापक उपाध्यक्ष उपेन्द्र महतो स्वदेशका केही गर्नसके मात्र आफू विदेश बसेको अर्थ हुने बताउँछन्। उनको यो भनाईले विश्वभर छरिएर बसेका नेपालीलाई स्वदेशमा लगानी गर्न उत्प्रेरित गर्छ। 'जबसम्म आफ्नो देश बनाउँदैनौ, तबसम्म जुनसुकै देशमा बसे पनि विदेशी नै हुन्छौ। त्यसैले जुनसुकै देशमा बसे पनि आफ्नो देश बनाउन लागौं,' महतोले भने।

गैरआवासीय नेपालीको पूजीँलाई भित्र्याउन एउटा अलग्गै संरचना निर्माण गरी पुँजी परिचालन गर्ने व्यापार, पर्यटन र प्रविधि स्थानान्तरणलाई सघाउने गरी संस्थागत सुधार गर्ने र एउटा डायस्पोरा लगानी प्राधिरण बनाएर अघि बढनुपर्ने सुझाव सीईओ भट्टराईको छ। 'आर्थिक अधिकार सहितको गैरआवासीय नागरिकतासमेत चाहिन्छ', उनी भन्छन्। त्यसबाहेक एनआरएनए नेपाल विकास कोषको सक्रियता र वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन तथा आयकर ऐन जस्ता ऐनमा आवश्यक सुधार गर्नुपर्ने पनि उनी बताउँछन्।

नेपाल राष्ट्र बैंकको अनुसन्धान विभागका कार्यकारी निर्देशक रामशरण खरेल बाहिर बसेका ८० लाख नेपालीको लगानी ल्याउन सुरक्षित वातावरण, बजार चाहिने बताउँछन्। लगानी अभिवृद्धि गर्न पहिले नेपालप्रति आशा, भरोसा र विश्वासको वातावरण बताउनुपर्ने उनको तर्क छ। 'चीन र भारतले सुरुवाती दिनमा गैरआवासीय नागरिकलाई नै आह्वान गरेर विकास र समृद्धि हासिल गरेका हुन्' खरेल भन्छन्, 'नेपालमा पनि प्रवासी नेपालीको व्यवसायिकता, सीप, ज्ञानलाई आइटी पार्क, औद्योगिक निर्यातमा जोड्नपर्छ।' नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल गैरआवासीय नेपालीसँग हातेमालो गर्न स्वदेशमा रहेका व्यवसायीहरू तयार रहेको बताउँछन्। खासगरी जलविद्युत, पर्यटन, प्रविधिमा ठूलो सम्भावना भएकाले सहकार्य गर्न एनआरएनलाई उनको आग्रह छ।

## पैसामा मात्र होइन लगानी

**उपेन्द्र महतो**
**संस्थापक अध्यक्ष, एनआरएनए**



एनआरएनएले आफ्ना भावी सन्ततिका लागि हो भन्ने सम्झेर स्वदेशमा लगानी गर्नुपर्छ। आफ्ना सन्ततिलाई पनि एनआरएनए अभियानसँग अहिल्यैदेखि जोड्नुपर्छ। लगानीको वातावरण बनाउन व्यवसायीहरूले पनि एकअर्काको कुरा काट्दै हिँडने प्रवृत्ति त्याग्नुपर्छ। यसो गर्दा कर्मचारीतन्त्र र राजनीतिक दलहरूले कुरा नसुन्ने र हेप्ने अवस्था सिर्जना हुन्छ। बुझ्नुपर्ने अर्को कुरा, गैरआवासीय नेपालीको लगानी पैसामा मात्र खोजिनुहुन्न। उनीहरूले सीप, प्रविधि, ज्ञान पनि स्वदेश भित्र्याउँछन्।

लगानी भित्र्याउन आवश्यक कानुनी प्रबन्ध नै यहाँ कमजोर छ। संविधान निर्माण भएको १० वर्ष बित्दा अझै गैरआवासीय नेपालीको नागरिकता कार्यान्वयन भएको छैन। संविधान बन्यो, ऐन बन्यो तर नियमावली नबनेसम्म पाइएका अधिकार पनि प्रयोग गर्न सकिएको छैन। मैले सरकारी निकाय र राजनीतिक नेतृत्वलाई गैरआवाससीय नागरिकताको कुरा नियमावलीमा प्रस्ट लेखिदिएर एनआरएनएलाई काम गर्न दिन अनुरोध गरेको छु।

## नुन–खुर्सानीको अचार पनि विश्वभर बिक्छ

**दधिराम नेपाल**
**पूर्वसल्लाहकार, एनआरएनए**



लगानीको वातावरण बनाउन लगानी बोर्डसँग निरन्तर संवादमा छौं। खासगरी पर्यटन, होटल वा जलविद्युत्मा ४०-५० जना जति सक्रिय भएर लगानी गरेको म देख्छु। सुरुमा हाम्रा अग्रजहरू उपेन्द्र महतो र जीवा लामिछानेले सुरु गर्नु भएको हो। त्यसलाई अहिले अरू साथीहरूले पछ्याउन खोजिरहनुभएको छ। कसरी लगानी गर्ने, त्यसको सुरक्षा कसरी हुन्छ भन्नेजस्ता कुरामा आश्वस्त गराउनुपर्छ। लगानी गर्दा कर छुटलगायतमा सरकारले दिने सुविधा पाउने आशा एनआरएन साथीहरूले गर्नुभएको छ। राज्यका तर्फबाट एनआरएनए नागरिकता दिन थालिएको छ, लगानीको आह्वानसमेत भएको छ। साथीहरूले पनि पर्यटन, जलविद्युत् जस्ता ठुलादेखि स-साना लगानीसमेत गरिरहेका छन्। विभिन्न ठाउँमा गएर त्यहाँका स्थानीय उत्पादनलाई स्तरीय बनाएर बेच्ने मात्र होइन, विश्वभर माग हुने वस्तुहरूको पहिचान गरी निर्याततर्फ लाग्ने योजनासमेत बनिरहेका छन्। त्यसका लागि उपयुक्त उत्पादन के हुन् र केमा लगानी गर्ने भन्नेमा ध्यान गएको छ। पढ्न वा कमाउन गएका साथीहरू विदेशको सीप, दक्षता र व्यवस्थापकीय ज्ञानसमेत बोकेर फर्किएका छन्। उनीहरू त्यसलाई मातृभूमिमा लगाउन चाहन्छन्। इन्जिनियरिङ र कृषिमा विदेशमा कमाएको सीप, पुँजी र प्रविधि प्रयोग गरेको भेटिन्छ। दुई सयवटा गाई पालेका मात्र होइन, केही साथीले अचार, तितौराजस्ता स-साना उत्पादनसमेत निर्यातयोग्य बनाउन खोजिरहेका छन्। नेपाली चियाको माग त्यसै पनि विश्वव्यापी छ। त्यसलाई थप प्रवर्द्धन गर्न खोजिएको छ। गर्न सकियो भने नेपाली नुन-खुर्सानीको अचार पनि विश्वभर बेच्न सकिन्छ।

## खोजेको सुरक्षा र कानुनी सहजता हो

**ज्ञानेन्द्र रेग्मी**
**नवनिर्वाचित उपाध्यक्ष**



म सन् २००८ देखि सिभिल इन्जिनिरका रूपमा अस्ट्रेलियाको सिड्नीमा काम गर्दै आएको छु। त्यहाँ सीप र पुँजीको विकास गरेका साथीहरूको जलविद्युत् र होटल व्यवसायमा रुचि छ। समग्र पश्चिमा देशबाट फर्किएका नेपालीको कुरा गर्ने हो भने जलविद्युत्मा धेरैको चासो छ। किनकि त्यसको लगानी हम्मेसी खेर जाँदैन भन्ने छ।

लगानी बढाउन धेरै इच्छुक हुनुहुन्छ, तर अहिलेको एनआरएन ऐनमा ठुलै सुधार नगरी त्यो सम्भव देखिँदैन। मुख्य कुरा लगानी गरिसकेपछि मुनाफा फिर्ता लैजान पाइन्छ कि पाइँदैन भन्ने सुनिश्चितता एनआरएनले खोजेका छन्। धेरै देशमा निश्चित प्रतिशत कर तिरेर पुँजी फिर्ता लैजान पाउने व्यवस्था छ। तर यहाँ त्यस्तो कुरा गर्दा ५० प्रतिशत कर चाहिन्छ भन्ने गरिन्छ। त्यसरी त लगानी आउँदैन। फेरि स-साना लगानीकर्ताका लागि पनि यहाँको राजनीतिक अवस्थाले अप्ठ्यारो पारेको छ। एनआरएन नागरिकता लिएर मालपोत गयो, त्यसले चिन्दैन। यहाँ लगानी गर्नुअघि आफू बस्न वा परिवार राख्न ' एउटा घर किनौं वा पुख्यौली सम्पत्तिलाई प्रयोग गरौं' भन्दा पनि सकिने स्थिति छैन।

## सम्झौता गरेरै अघि बढ्छौं

**सुशील ज्ञवाली**
**अध्यक्ष, लगानी बोर्ड**



दुईतिहाइको जनादेशसहित नयाँ सरकार आउन लागेकाले आत्मविश्वास जुटाउन एकसाथ लाग्नुपर्नेछ। अब पनि अलमलको अवस्थामा रहने छुट कसैलाई छैन। बरु, सेबोन र अन्य ऐनहरूको हकमा अगाडि बढ्न जरुरी छ। यसका लागि आवश्यक सहयोग गर्न लगानी बोर्ड तयारै छ। नीतिगत सुधारका लागि केही नेपाल ऐन संशोधनमार्फत जान सकिन्छ। त्यसबाहेकका अन्य समस्या समाधान गर्न प्रवासी नेपाली र सरकारी निकायबीच घनीभूत छलफल जरुरी छ।

लगानी बोर्डले १४ वटा निकायमा लगानी हेर्ने फोकल पर्सन तोकिदिएको छ। अब सहजीकरण हुनेछ। नयाँ सरकार आएपछि लगानीको वातावरण बन्छ। परिणामस्वरूप एक वर्षमा १० खर्ब पैसा आउनसक्ने ठाउँमा पुर्‍याउन सक्ने आत्मविश्वास अहिले लगानी बोर्डमा विकास भएको छ। अब आर्थिक, जनशक्ति र कानुनी रूपमा तयारी गरेर अगाडि बढ्नुपर्नेछ। गैरआवासीय नेपालीलाई 'तपाईंसँग भएको सोच, पुँजी, प्रविधि लगानी बोर्डमा प्रस्ताव गर्नुस्। हामी अगाडि बढाउन तयार छौं' भनेका छौं। साथै, हामीले लगानी बोर्ड र एनआरएनएबीच एमओयू नै गरेर जाने सोचेका छौं।

**चैत...**

सांसदहरूले शपथ लिनेछन्। संघीय संसद् सचिवालयले शपथको समय चैत १२ गते बिहान साढे ११ बजेका लागि तय गरेको छ। नेपाली कांग्रेसका वयोवृद्ध सांसद अर्जुननरसिंह केसीले सांसदहरूलाई शपथ गराउनेछन्। निर्वाचन आयोगका अनुसार, निर्वाचित भएकामध्ये ७८ वर्षीय केसी सबैभन्दा ज्येष्ठ सांसद हुन्। केसीले राष्ट्रपतिसँग शपथ लिएपछि सोही दिन अन्य सदस्यलाई शपथ गराउनेछन्। त्यसपछि नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्नेछ।

नयाँ जनादेशबाट १८२ सिट लिएर आएको रास्वपाले संविधानको धारा ७६ (१) अनुसार एकल बहुमतको सरकार बनाउनेछ। राष्ट्रपतिले सीधै रास्वपा संसदीय दलका नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछन्। धारा ७६ (१)मा भनिएको छ, 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ।'

यसअघि रास्वपाले संसदीय दलका नेता चयन गर्नुपर्छ। चुनावअघि नै प्रधानमन्त्रीका उम्मेदवारका रूपमा अघि सारिएका वरिष्ठ नेता बालेन नै संसदीय दलको नेता बन्ने निश्चितजस्तै छ। रास्वपाले सांसदले शपथ लिएपछि दलको नेता चयन गर्ने तयारी गरेको छ। दलको नेता बालेनलाई बनाउन रास्वपाले पार्टीको विधान परिमार्जन गरेर बाटो क्लियर गर्ने रास्वपाका प्रवक्ता मनीष झाले बताए।

सरकार गठनसँगै राष्ट्रपतिले संसद्को अधिवेशन आह्वान गर्नुपर्ने हुन्छ। संविधानको धारा ९३मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिनाभित्र राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ। राष्ट्रपति कार्यालयले भने चैत १६ गते संघीय संसद्को अधिवेशन आह्वान गर्ने तयारी गरेको छ। यसको सन्देश अनौपचारिक रूपमा राजनीतिक दलहरू र संघीय संसद् सचिवालयलाई दिइसकेको छ।

आगामी सरकारमा जनतालाई डेलिभरी दिन सक्ने, विषयगत क्षमता भएका र इमानदारीसाथ काम गर्नसक्ने सांसदलाई उचित मन्त्रालय छनोट गरेर जिम्मेवारी दिइने उपसभापति वाग्लेले बताए। यद्यपि अहिले नै कसले कुन मन्त्रालय लिने-दिने भन्ने कुनै सहमति नभएको उनी बताउँछन्। ' जनताले अत्यन्तै विश्वास गरेका छन्। नागरिकलाई डेलिभरी दिन सक्ने, विषयगत क्षमता भएका र इमानदारीसाथ काम गर्नसक्ने सांसदलाई उचित छनोट गरेर जिम्मेवारी दिइन्छ,' उनले भने। अब बन्ने सरकारलाई पहिलेका सरकारजस्तो जे पनि गर्ने छुट नभएकाले विषयगत विज्ञता र क्षमताका आधारमा मन्त्रालय छनोट गरेर जिम्मेवारी दिइने उनले जानकारी दिए।

रास्वपाले चैत ३ र ४ गते नवनिर्वाचित सांसदहरूलाई संसदीय अभ्यास र पार्टीको भूमिकालगायत विषयमा केन्द्रित रहेर अभिमुखीकरणसमेत गरिसकेको छ। अब शीर्ष नेताहरूबीच छलफल र सहमतिका आधारमा मन्त्री चयन गर्न बाँकी रहेको नेताहरू बताउँछन्। निर्वाचनबाट ६ वटा राजनीतिक दल राष्ट्रिय दलको रूपमा आएका छन्। १८२ सिटसहित रास्वपा सबैभन्दा ठुलो दलको रूपमा आएको छ। कांग्रेस ३८ सिटसहित दोस्रो, २५ सिटसहित एमाले तेस्रो र १७ सिटसहित नेपाली कम्युनिस्ट पार्टी चौथो दल रहेका छन्। पहिलोपटक चुनाव लडेर संसद्मा आएको श्रम संस्कृति पार्टी सात सिटसहित पाचौं दल बनेको छ भने राप्रपा पाँच सिटसहित छैटौं दलको रूपमा छ। स्वतन्त्र सांसदमा महावीर पुन एकजना मात्र छन्।

**आर्थिक...**

उत्पादन क्षेत्रमा आक्रमण भएपछि युद्ध आर्थिक मेरुदण्ड ध्वस्त पार्ने नयाँ र खतरनाक चरणमा प्रवेश गरेको विश्लेषण गरिएको छ। इरानी क्षेप्यास्त्रहरूले कतारको रास लाफानमा रहेको आफ्नो मुख्य ग्यास रिफाइनरीहरूमा व्यापक क्षति पुर्‍याएपछि कतारले इरानी सुरक्षा र सैन्य सहचारीहरूलाई देश छोड्न आदेश दिएको छ। इरानी आक्रमणपछि युएईले अबुधाबीमा रहेको हब्सान रिफाइनरीहरू बन्द गरेको छ भने साउदी अरेबियाले आफ्ना दुई रिफाइनरीहरूमा पनि आक्रमण भएको बताएको छ।

साउदी अरबले इरानसँग बाँकी रहेको थोरै विश्वास पूर्ण रूपमा चकनाचुर भएको बताएको छ।

इजरायलले उत्तरी बन्दर अन्जाली र दक्षिण पार्स ग्यास क्षेत्रमा इरानको नौसेनामा आक्रमण गरेपछि यो घटनाक्रम भएको हो। इरानी राष्ट्रपति मसुद पेजेस्कियानले सम्पूर्ण विश्वलाई प्रभावित पार्न सक्ने अनियन्त्रित परिणामहरूको चेतावनी दिएका छन्। एक जर्मन विश्लेषक भन्छन्, 'साउथ पार्स ग्यासफिल्डमा इजरायली आक्रमण तथा कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्समा ऊर्जा क्षेत्रहरूमा प्रतिशोधात्मक इरानी आक्रमणपछि इरान युद्ध ऊर्जा पूर्वाधार चरणमा प्रवेश गरेको छ।'

जर्मन इन्स्टिच्युट फर इन्टरनेसनल एन्ड सेक्युरिटी अफेयर्सका भिजिटिङ फेलो हमिदरेजा अजीजी भन्छन्, 'इजरायलको आक्रमणले विशुद्ध सैन्य सम्पत्तिको सट्टा देशको आर्थिक मेरुदण्डलाई लक्षित गर्ने दिशामा परिवर्तन भएको छ, यो डरलाग्दो छ।'

उनले खाडीभरि इरानको प्रतिशोधात्मक आक्रमणले ऊर्जा टकरावलाई क्षेत्रीयकरण गर्ने र ऊर्जा बजारमा अतिरिक्त दबाब दिएर यसको प्रभावलाई विश्वव्यापीकरण गर्ने रणनीतिको संकेत गरेको बताएका छन्। इरानको विस्तारित प्रतिशोधले यसको रणनीतिक सोचमा परिवर्तनलाई प्रतिबिम्बित गरेको भन्दै उनले इरानले आफ्ना विरोधीहरूले तोकेको सीमाभन्दा माथि बढ्ने नयाँ रणनीति अन्तर्गत काम गरिरहेको देखिएको बताएका छन्।

विश्व खाद्य संगठनले युद्धले भोकमरी निम्त्याउने र त्यसको मारमा आप्रवासी कामदारलगायतका कमजोर समुदाय पर्ने बताएको छ। विज्ञहरूले युद्धले तेलको मूल्य प्रति ब्यारेल १५० देखि २०० अमेरिकी डलर नाघ्ने टिप्पणी गरिरहेका छन्। यस वर्षको मार्च मध्यतिर कच्चा तेलको सबैभन्दा कम अनुमानित मूल्य प्रति ब्यारेल ४९-५८ डलर रहने अनुमान विपरीत प्रति ब्यारेल २०० डलर पुगेको अवस्थामा पेट्रोलियम पदार्थको मूल्य चार दोब्बर हुने चिन्ता व्यक्त गरिएको छ।

**कम्बोडियाबाट...**

हो। विभिन्न व्यक्तिको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका 'अनलाइन स्क्यामिङ' केन्द्र र क्यासिनोहरूमा अनलाइन ठगीमा परेका उनीहरुलाई अन्य गैरकानुनी काममासमेत लगाइएको थियो। कम्बोडियामा नेपाली नागरिकहरूलाई अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र उनीहरू बिना भिसा वा भिसा-अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ। स्क्यामिङ केन्द्रहरूमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी धेरैको गुनासो आएको दूतावासले जनाएको छ।

त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली दूतावास बैंककले उद्धार गर्न बिना शुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको छ।

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्यांकअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ जना नेपाली भ्रमण भिसामा कम्बोडिया गएकोमा सन् २०२२ मा एक हजार ९७७, सन् २०२३ मा दुई हजार ९४०, सन् २०२४ मा छ हजार ४०४ तथा सन् २०२५ मा ९ हजार ६७६ जना नेपाली कम्बोडिया गएको देखिन्छ। नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यानमार, थाइल्यान्डलगायतका मुलुकमा भ्रमणको बहानामा वैदेशिक रोजगारीमा नआउन पनि दूतावासले सबैमा अनुरोध गरेको छ।

**आजदेखि...**

३० दिनमा पूरा गर्दै शुक्रबारलाई इदको पहिलो दिनका रूपमा निर्धारण गरिएको बताएको छ। खाडी मुलुकका सरकारहरूले मार्च २० देखि २६ सम्म एक हप्ता लामो सरकारी बिदा घोषणा गरेका छन्। आगामी मार्च २९ तारिखदेखि मात्रै सरकारी कार्यालय सञ्चालन हुने बताइएको छ। इदका अवसरमा कतिपयले आप्रवासी कामदारको कार्यअवधि घटाएको बताएका छन्।

इदको अवसरमा मुस्लिम समुदायले जकात-उल-फित्र अर्पण गर्ने, पारिवारिक भेटघाट गर्ने तथा आपसी शुभकामना आदानप्रदान गर्ने गर्दछन्। अमेरिका-इरान युद्ध र इरानको आक्रमणका कारण बढेको असुरक्षाले यस वर्ष इद नमाज खुला मैदान अर्थात् इदगाहमा आयोजना नगरी मस्जिदहरूभित्र मात्र अदा गर्न भनिएको छ। त्यस्तै तोकिएका मस्जिदहरूमा मात्र उपस्थित भई आधिकारिक निर्देशन पालना गर्न सर्वसाधारणलाई आग्रह गरिएको छ।

# कपिलवस्तुमा प्रहरीको नि:शुल्क आँखा जाँच

**धर्मेन्द्रकुमार कुर्मी/मध्यान्ह**
**कपिलवस्तु, ५ चैत**




इलाका प्रहरी कार्यालय कृष्णानगरमा नेपाल प्रहरी र ट्राफिक प्रहरीहरूको नि:शुल्क आँखा जाँच कार्यक्रम सम्पन्न भएको छ।

नेपाल नेत्रज्योति संघ आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगंज छन्द (कालेबाबु)-नारायणी आँखा अस्पतालको सहकार्यमा आयोजित यस कार्यक्रममा कृष्णानगर र सो मातहतका प्रहरी कर्मचारीलाई आँखा जाँच गरिएको थियो।

इलाका प्रहरी कार्यालय कृष्णानगरका प्रहरी निरीक्षक कृष्णबहादुर कुँवरका अनुसार, गर्मीको मौसममा धुलो उड्ने परिस्थितिमा डिउटी गर्ने प्रहरीहरूको आँखाको स्वास्थ्य सुनिश्चित गर्न यो कार्यक्रम आयोजना गरिएको हो। सो अवसरमा ६० भन्दा बढीको आँखा जाँच गरिएको थियो।

कार्यक्रमअन्तर्गत नौजना प्रहरीलाई नि:शुल्क चस्मा प्रदान गरिएको थियो भने अन्यलाई आवश्यक अनुसार आइ-ड्रप वितरण गरिएको थियो। कार्यक्रममा आँखा अस्पतालका विशेषज्ञ डाक्टरहरू पनि उपस्थित थिए।

# पर्सामा विद्यार्थीलाई पोसाक वितरण

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, ५ चैत



पर्साको छिपहरमाई गाउँपालिकाको सहयोगमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूलाई पोसाक वितरण गरिएको छ। बिहीबार आयोजित कार्यक्रममा गाउँपालिकाकी कार्यवाहक अध्यक्ष लिलावती देवी कानुले ९५ जना छात्र-छात्रालाई कोर्ट, पाइन्ट र सर्ट वितरण गरेकी हुन्।

उक्त पोसाक वितरण कार्यक्रम श्री मंगल माध्यमिक विद्यालय भिस्वा र श्री नवगावा माध्यमिक विद्यालय चारगाहामा अध्ययनरत कक्षा ११ का विद्यार्थीहरूलाई लक्षित गरी सञ्चालन गरिएको हो। गाउँपालिकाले दुवै विद्यालयमा पुगेर पोसाक वितरण गरेको जनाएको छ। कार्यक्रम प्रहलाद गुप्ता (विद्यालय व्यवस्थापन समिति अध्यक्ष, नवगावा मावि)को अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा समाजसेवी किशोरी साह कानु, वडाध्यक्ष महेन्द्र साह, मौजिलाल साह, सदस्य जवाहर साह, अवधेश कुशवाहा, मकसुद मियाँ, शिक्षा शाखा प्रमुख विशाल साह, नवगावा माविका प्रधानाध्यापक गगनदेव यादव, मंगल मावि भिस्वाका प्रधानाध्यापक दिनेश पटेल लगायत शिक्षक, सुरक्षाकर्मी, पत्रकार तथा विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

गाउँपालिकाले विद्यार्थीहरूलाई शैक्षिक सामग्री तथा पोसाक उपलब्ध गराउँदै शिक्षा क्षेत्रमा सहयोग पुर्‍याउने उद्देश्यले यस्ता कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।


## Janaki Rural Municipality
### Water Sector Governance and Infrastructure Support Project
### Janaki Project Implementation Unit
Durgauli, Kailali

**Letter of Intent (LOI)**

**Date of publication: 20th March, 2026**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID | Project Name, Location | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1. | NP-DWSSM-511355-CW-RFB | Construction of Subarnapur, Jagatpur, Amara-Amauri & Dharmapur Water Supply Project in Janaki Rural Municipality, Kailali | Bhimeshwor Drilling Tatha Nirman Sewa Pvt. Ltd. Suryabinayak-4, Amarnagar, Bhaktapur | 293566806.00 |
| 2. | NP-DWSSM-511351-CW-RFB | Construction of Motinagar, Patharaiya-Hajari & Arunodaya Water Supply Project in Janaki Rural Municipality, Kailali | Prera Nirman Sewa Pvt. Ltd. Nayabato, Ring-Road, Lalitpur | 301217822.69 |

**Project Manager**



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मितिः २०८२/१२/०६**

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमको सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८२/१२/१२ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ।

| क्र.स. | सवारीको नाम | बनेको साल | दर्ता. नं. | सवारी रहेको स्थान |
|---|---|---|---|---|
| १. | Ford Ecosport | २०१८ | बा २१ च २७४५ | थापाथली शाखा, काठमाडौं |

**शर्तहरु :**

१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट रु २,०००/- को शुल्क (फिर्ता नहुने गरी) तिरेर प्राप्त गर्न सकिनेछ।
२. बोलपत्रसाथ बोलपत्रदाताले जमानत वापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लागी बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ।
६. प्रस्तावित बोलपत्र मिति २०८२/१२/१५ गते बैंकको नारायणहिटी पथ, केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ।

Citizens Bank
**सामान्य सेवा विभाग**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः gsd@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

www.ctznbank.com



## बटेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा
मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०६**

यस कार्यालय वाट नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२।११।०१ गते र प्रभाब राष्ट्रिय दैनिक मा २०८२।११।१८ गते प्रकाशित तपसिल बमोजिमको निर्माण कार्यको बोलपत्र आह्वान(ई-बिडिङ) सम्वन्धि सुचना अनुसार निर्धारित समयभित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको न्युनतम मुल्याङ्कित बोलपत्र सारभुत रुपमा प्रभाबग्राही भई मुल्याङ्कन समितिबाट छनौट तथा सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा दफा ४७ को लागि यस कार्यालयको मिति २०८२।१२।०५ गतेको निर्णयानुसार सम्वन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं./कार्य बिबरण | छनौट भएको बोलपत्र दाताको नाम/ठेगाना | कबोल अकं (मू.अ.कर र PS सहित ) | कै. |
|---|---|---|---|---|
| 1 | BRM/NCB/ W/0 4/2082/2083 Nirmit Guruyojanaka Aaadharama sthaniy tah ko sajhedarima Bidhalayko Bhautik nirman anudan (TheConstruction ofAdministration Building at Sivshakti ma.vi. Bateshhwor Rural Municipality) | Ambica Nirman Sewa &Suppliers Pvt.Ltd.Dhanusha ambicanirman@ gmail.com phone:9804827857 | Rs 37,93,499.84 | |
| 2 | BRM/SQ/W/02/2082/083 wada no 2 ma khanepani aayojana ko pipe kharid tatha jadan | Rishika Construction Pvt.Ltd. Mithila Nagarpalika-6 Dhanusha rishikaconstruction98@gmail.com Phone:9804827857 | 13,99,667.86 | |

**प्रमुख प्रशासकीय अधिकृत**



## सूचना ! सूचना ! सूचना !

**प्रकाशित मिति : २०८२/०६/०७ गते)**

**पेशागत बीमा अभिकर्ता संघ नेपाल**को तेस्रो (साविक आठौं) राष्ट्रिय महाधिवेशन विधानको परिच्छेद (४) धारा (१०) उपधारा (ख) अनुसार तपशिलको मिति र स्थानमा सम्पन्न हुने भएकोले यस संघको सम्पूर्ण सदस्य महानुभावहरूलाई सूचित गरिन्छ।

**तपशिल**
**मिति : २०८२ चैत २७ र २८ गते**
**स्थान : काठमाण्डौ, नेपाल**



## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

कत्वा बस्नेतको नातिनी, लाले बस्नेतको छोरी, जने खत्रीको पत्नी दार्चुला जिल्ला, लेकम गा.पा. वडा नं. ०६ बस्ने, यस बैंकको लेकम शाखा कार्यालयको खातावाला गेणि खत्रीको मिति २०८२/०६/०१ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा तेज सिह खत्रीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



**Glen Appliance Pvt. Ltd, India बाट आयात गरिएका Cooking Range, Oven, Boiler, Digital Fryer, Microwave, Dishwasher, Chimney आदिका अधिकतम खुद्रा बिक्री मुल्य सूचि**

| S. N. | Description of Goods | Model No: | Brand | Country of Origin | MRP (Per Unit) |
|---|---|---|---|---|---|
| 1 | Cooking Range | CR2014DBAI | Glen | India | 85393 |
| 2 | OVEN | BO-651DRTBL(Oven) | Glen | India | 74373 |
| 3 | OVEN | SA3035DCPLUS (Oven) | Glen | India | 3015 |
| 4 | OVEN | SA5035DLRC (Oven) | Glen | India | 13725 |
| 5 | OVEN | SA5025DC(oven) | Glen | India | 14057 |
| 6 | OVEN | SA5042BLRC(oven) | Glen | India | 17331 |
| 7 | Boiler | SA3036EBSPLUS | Glen | India | 2792 |
| 8 | Digital Fryer | SA3043DSS | Glen | India | 10677 |
| 9 | MicroWave | MO-679 | Glen | India | 78056 |
| 10 | MicroWave | MO-671 | Glen | India | 66032 |
| 11 | Dishwasher | DW-773M | Glen | India | 99592 |
| 12 | Dishwasher | DW-5201FS | Glen | India | 81793 |
| 13 | Chimney | CH60005XBLK60BF | Glen | India | 13575 |
| 14 | Chimney | CH6052HSRBSRBLAC76 | Glen | India | 21438 |
| 15 | Chimney | CH6058DIBLAC90 | Glen | India | 22671 |
| 16 | Chimney | CH6052SLIMBLAC90 | Glen | India | 22679 |
| 17 | Chimney | CH6073HSRDSRDCAC90 | Glen | India | 37276 |
| 18 | Chimney | CH6076HSRDSRDCAC90 | Glen | India | 35067 |
| 19 | Chimney | CH6073HSRMGAC90 | Glen | India | 38681 |

**Classic Traders Pvt. Ltd.**
Ward No. 11, Tripureshwor, Ktm, Nepal, Ph: 9851415656



## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/१२/०६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु १६ (सोह्रौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : स्नेहा मानव कोल्ड स्टोर**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय नेपालगंज, बाँके<br>दर्ता नं. : २८८३२/०७५/०७६, दर्ता मिति :२०७५/०५/१७<br>ठेगाना : नेपालगंज - ९, बाँके, **संचालक/शेयरधनीहरु/प्रोप्राइटर : कुमार सिंह ठकुरी** |
| | **नाम : मानब काठ फर्निचर उद्योग**<br>दर्ता गर्ने निकाय : प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय बाँके, नेपालगंज<br>दर्ता नं. :३९६/७८००/०७६/७७, दर्ता मिति :२०७६/०७/२०<br>ठेगाना : नेपालगंज - ९, बाँके, **संचालक/शेयरधनी/प्रोप्राइटर : गीता पुन** |
| | **नाम : गीता पुन**<br>पतिको नाम : कुमार सिंह ठकुरी, ससुराको नाम : तिलक वहादुर सिंह<br>ठेगाना : खलङ्गा - २, जाजरकोट, हाल : नेपालगंज - ९, बाँके<br>ना.प्र.प.नं. : २०२६, जि.प्र.का. जाजरकोट, जारी मिति : २०५४/०८/२९<br>**शाखा कार्यालय : नेपालगंज** |
| | **ब्यक्तिगत जमानत दिनेको विवरण** |
| | **१. नाम : कुमार सिंह ठकुरी**<br>बाबुको नाम : तिलक वहादुर सिंह<br>बाजेको नाम : सुभान सिंह<br>ठेगाना : डुवरीङ - ४, रोल्पा<br>हाल : नेपालगंज - ९, बाँके<br>ना.प्र.प.नं. : २८९९०, जि.प्र.का. रोल्पा<br>जारी मिति : २०५७/०७/३० |
| | **२. नाम : गीता पुन**<br>पतिको नाम : कुमार सिंह ठकुरी<br>ससुराको नाम : तिलक वहादुर सिंह<br>ठेगाना : खलङ्गा - २, जाजरकोट<br>हाल : नेपालगंज - ९, बाँके<br>ना.प्र.प.नं. : २०२६, जि.प्र.का. जाजरकोट<br>जारी मिति : २०५४/०८/२९ |
| | **धितोको विवरण** |
| | गीता पुनको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता रहेको नेपालगंज - १२, बाँके स्थित कित्ता नं. १९४ को क्षेत्रफल ७०० व.मि. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन।

**पुनश्च :**
- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ। साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ चैत्र २० गते शुक्रबार कार्यालय समय सम्म।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ चैत्र २२ गते आइतबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
**केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**



## Jahada Rural Municipality
## Office Of The Rural Municipal Executive
### Morang, Koshi Province, Nepal

**Invitation For E-Bid**

**First Date of Publication: 6th of Chaitra, 2082**

1. Jahada Rural Municipality, Office of the Rural Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.

| IFB No. | Work Descriptions | Estimated Amount (Rs.) (With VAT & PS but excluding contingencies) | Bid Document Cost NRs. | Pre-Bid Meeting | Last Date of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/ NCB/082/83-25 | Naharko Batoma Rishidev Toleko Culvert Dekhi Dakshin Culvert Sammako Sadak Starunnati, Jahada-2 | 44,98,554.38 | 3000.0 | 2:00 PM. on 2083/12/25. | 12:00 PM. on 2083/01/06. | 2:00 PM. on 2083/01/06. | 1,00,000.00 |

2. Bidders are strongly Requested to mention the name of the Firm and the Contract ID in Revenue Voucher for Bid Document Fee.Otherwise it will be dealt according to law.

For other details please visit bolpatra.gov.np/egp Contact: 9820730035, 9820730031

**Chief Administrative Officer**



समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
Samata Gharelu Laghubitta Bittiya Sanstha Limited
Microfinance
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको)
**केन्द्रीय कार्यालयः** बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००

## संस्थापक शेयर खरिद गर्न चाहनुहुने महानुभावहरुलाई जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२९ गते**
**दोश्रो पटक प्रकाशित मिति : २०८२/१२/०६ गते**

यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको कुल २,००० कित्ता संस्थापक शेयर बिक्री गर्न इच्छा राखि निवेदन दिनु भएको र उक्त निवेदन नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यक प्रक्रिया पुर्‍याई बिक्री प्रक्रिया अघि बढाउने निर्णय भई नियमानुसार विद्यमान संस्थापक शेयरधनीहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था अनुसार मिति २०८२/१०/२९ गते "मध्यान्ह" राष्ट्रिय दैनिक पत्रिकामार्फत ३५ दिने सूचना प्रकाशित गरिएकोमा सो अवधिभित्र विद्यमान संस्थापक शेयरधनीहरुबाट उक्त शेयर खरिदको लागि निवेदन प्राप्त हुन नआएको हुँदा संस्थापक शेयर खरिद गर्न योग्य ईच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी आफुले खरिद गर्न चाहेको शेयरको कित्ता र दरभाउ स्पष्ट उल्लेख गरी कम्पनीको केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोकमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मध्यान्ह
www.madhyanhadaily.com
६ चैत २०८२ शुक्रबार
20 March 2026 Friday

सम्पादकीय

## कर्मचारीतन्त्रको दलीयकरण अन्त्य होस्

नेपालको निजामती प्रशासनमा दलीय ट्रेड युनियनको औचित्यमाथि फेरि बहस हुन थालेको छ । कानुनले स्पष्ट रूपमा दलीय कर्मचारी संगठनको व्यवस्था गरेको छैन । व्यवहारमा भने अहिले पनि विभिन्न दलनिकट ६ वटा युनियन सक्रिय छन् । ती संगठनले मातृपार्टीको हित संरक्षणमा काम गरिरहेको आरोप लाग्दै आएको छ । कानुनले खासै नचिन्ने दलीय संगठनहरूले सिंहदरबार वरपरकै सरकारी भवन/जग्गामा आफ्ना कार्यालय सञ्चालन गरिरहेका छन् । यसले राज्य संयन्त्रभित्र दलगत प्रभाव कति गहिरो छ भन्ने देखाउँछ ।

कर्मचारीतन्त्रलाई स्थायी सत्ता मानिन्छ । त्यस अर्थमा राष्ट्रसेवक निजामती कर्मचारीहरू राज्यका स्थायी प्रतिनिधि हुन् । उनीहरूको भूमिका निष्पक्ष, तटस्थ र व्यावसायिक हुनुपर्छ । तर दलीय ट्रेड युनियनले यही मूल–मान्यतालाई कमजोर बनाएको छ । जब कर्मचारी कुनै दलसँग आबद्ध हुन्छ, उसले लिने निर्णयमा निष्पक्षतामाथि प्रश्न उठ्ने ठाउँ रहन्छ । सेवाग्राहीप्रति समान व्यवहार हुनुपर्ने ठाउँमा दलगत झुकाव र आग्रह देखिन थाल्छ । यसले जनप्रशासनप्रति सर्वसाधारण सेवाग्राहीको विश्वास टुट्दै जान्छ । विगतका अनुभवले पनि यही देखाएका छन् । सरुवा–बढुवा, अवसर वितरण र वृत्तिविकासमा योग्यताभन्दा पहुँच र दबाब हाबी भएको गुनासो रहँदै आएको छ । कर्मचारी संगठनहरू पेसागत हकहितभन्दा बढी राजनीतिक स्वार्थ र व्यक्तिगत लाभका लागि प्रयोग भएका घटना पनि प्रशस्तै छन् । यसले प्रशासनलाई उत्तरदायीभन्दा पनि पूर्वाग्रही देखाउने गरेको छ ।

ट्रेड युनियनको अवधारणा मूलतः श्रमिकको हकहित रक्षा र सामूहिक सौदाबाजीका लागि बनेको हो । तर नेपालमा यो अवधारणा दलीयकरणसँग गाँसिँदा यसको उद्देश्य नै विकृत बन्न पुगेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनका मापदण्डले संगठन गर्ने अधिकार सुनिश्चित गरे पनि त्यसले दलीय नियन्त्रणलाई वैधता दिँदैन । त्यसैले ट्रेड युनियन नै खारेज गर्न मिल्दैन । तर, कानुनले नचिन्ने दलीय ट्रेड युनियन भने व्यावहारिक रूपमै खारेज गरिनुपर्छ । त्यसका लागि एकीकृत, स्वतन्त्र र सबै अट्ने छाता पेसागत कर्मचारी संगठनलाई बलियो बनाउनुपर्छ । यस्तो संगठनले कर्मचारीको हकहितको संरक्षण गरोस्, तर कुनै दलको एजेन्डा र निर्देशनमा नचलोस् । दलीयकरणको हस्तक्षेपका कारण सरुवा, बढुवा र मूल्यांकन प्रणालीमा अनेक विकृति र बेथितिले जरा गाडेका छन् । अब ती प्रक्रिया पनि पारदर्शी र वैज्ञानिक बनाउन कानुन सुधार पनि सँगसँगै अघि बढाउनुपर्छ । सरकारी कर्मचारी दलका कार्यकर्ता होइनन्, जनताका सेवक हुन् । यही आधारभूत सन्देशलाई व्यवहारमा उतार्न दलीय ट्रेड युनियनको अन्त्य अपरिहार्य भइसकेको छ । निष्पक्ष र विश्वासिलो प्रशासन निर्माणका लागि अब राज्यले ठोस निर्णय लिनैपर्छ ।

# गणतन्त्रका फोहोरहरू

*सुनामी आएकै हो, जसरी छिट्टै सुनामी आयो त्यसैगरी चार दशकमा लोकतन्त्र र गणतन्त्रका नक्कली नारा देखाएर जे-जति फोहोर थुपारियो ती तुरुन्तै सफा हुनुपर्छ । अब जनता पर्खिने मनस्थितिमा छैनन् ।*

अग्रलेख




● अच्युतप्रसाद पौडेल 'चिन्तन'

अमेरिका गणतन्त्र, संघीयता र सुशासनमा अब्बल छ, त्यहाँ दुई कार्यकालका राष्ट्रपतिले छोरी पढाउन जागिर खाँदै छन्, तर हाम्रो अवस्था निकै फरक छ । यहाँका राष्ट्रपतिले छोरीलाई समानुपातिकमा प्रयास गरे, विरोध आएपछि कार्यकाल सकिने बेला राष्ट्रिय सभामा लग्ने प्रयत्न गर्दै छन्, अर्की छोरी त सचिवालयमा नै छिन् । राष्ट्रपति ताकिरहेका अर्काले छोरी-बुहारी सबैलाई नियुक्ति गराए । पछिल्लो हालत भने खराब भयो चितवन र कञ्चनपुरमा, दाजु, भाइ, ज्वाइँचेला कसैलाई पद दिन बाँकी कसैले राखेन । सुशासनको धज्जी उडेको देखेर देशैभरि नयाँ सुनामी आयो, धेरैलाई बढाऱ्यो, अहंकारको खुट्टा भाँच्यो । करिब चार दशकमा देशैभरि लागेको फोहोर र अन्तर्राष्ट्रिय रूपमा गिरेको साख जोगाउने कसरी हो, यो काम सहज छैन । नयाँले थालनी गर्ने आशा सबैले गरेका छन् र कम्फर्टेबल बहुमत मात्रै होइन संविधान संशोधनसमेत गर्न सक्नेगरी दुईतिहाइनजिक पुऱ्याएका छन् । भाद्र २४मै ढलिसकेको हुँकार समाप्त पार्न अर्को ६ महिना समय लाग्यो, तैपनि एक दिनअघिसम्म पनि हुँकारले आफ्नो हुँकार छाडेन । तानाशाही हुँकारले सबैतिर ट्रेड युनियनहरू खडा गरेर आफ्ना कार्यकर्ता भर्ती गरेको छ, यो सफा गर्न कति समय लाग्ला ! आँट गरोस् नयाँले, सहज सक्छ ।

भाद्रको छानबिन आयोगले होम डेलिभरी गरे पनि चुनावपछि मात्रै प्रतिवेदन दिएकाले चुनाव भाँडिएन राम्रै भयो । तर सिफारिसका हरेक बुँदा आमजनमानसले जान्न पाउनुपर्छ र त्यसमा जोकोही रहेका भए पनि कडा कारबाही जरुरी छ । हिजोका मल्लिक आयोगलगायतका प्रतिवेदन थन्किएकाले बेथिति मौलाउन पायो । अबको प्रतिवेदन राम्ररी कार्यान्वयन हुनुपर्छ, नभए पुनरावृत्ति नै हुनेछन् यस्ता काम । आज अन्तर्राष्ट्रिय न्युज च्यानलहरूले जसका विषयमा हाइहाइ गरिरहेका छन्, त्यो साखमा कुनै ढलपल गर्न दिनुहुँदैन, दिएमा भने फेरि अहिलेको शक्ति पनि बढारिनेछ ।

सुनामी आएकै हो, जसरी छिट्टै सुनामी आयो त्यसैगरी चार दशकमा लोकतन्त्र र गणतन्त्रका नक्कली नारा देखाएर जे-जति फोहोर थुपारियो ती तुरुन्तै सफा हुनुपर्छ । अब जनता पर्खिने मनस्थितिमा छैनन् । सिंहदरबारदेखि पालिका तह र अझ बिचौलिया र ठेकेदारहरू टोलटोलमा पुगेर लेबी उठाउँदै छन् । जनताको घाँटी निमोठेर टोल सुधार समिति भन्दै रकम असुलिरहेका छन् । ती फोहोर सोहोर्ने ताकत बालेन, रवि, राजुहरूसँग हुने आशा गरिएको छ । धेरै विज्ञ मानिसहरू सांसद बनेका छन्, आशा गरौं अब कमसे कम भुटानमा जस्तै मन्त्री पदका लागि योग्यता, विज्ञता र क्षमता होला, मन्त्री मात्रै होइन सबै सार्वजनिक पद ठेक्कामा चलेको अतीतलाई छिटो सुधार्न जरुरी छ । न्यायालयदेखि बैंकसम्म, प्रशासनका हरेक अंग प्रहरी, सेना, संस्थान, विश्वविद्यालय, राजदूतदेखि हरेक क्षेत्रमा ढोके, हुक्के, बैठके, चाटुकार, ठेकेदार, बिचौलियाको प्रवेश भएको छ, यसलाई सुधार्ने खाका आउनुपर्छ । दल र कोटामा परेका आमनियुक्ति बदरदेखि स्वच्छ, सुशासनयुक्त विधिको शासन यो देशले खोजेको छ । आज गफाडीको गफजस्तै भएका छन् योजनाहरू, पूर्वाधारहरू । कतिले विदेशतिरै सम्झौता गरेर केही रकम यता देखाएर उतै ब्रह्मलुट गरेका छन् भनिन्छ । 'लुटको धनमा फुपूको श्राद्ध' गरेका छन् । गठबन्धन गर्दै ठगबन्धन गर्ने राजनीतिदेखि वाक्क भएर जनताले एकलौटी मत दिएका हुन्, 'अति सर्वत्र वर्जयेत्' छ ।




धर्मनिरपेक्ष भन्दै पशुपतिलिंगमा सुनको नाम लेखाउने, ईश्वरका नाममा शपथ खुवाउन खोज्दा 'त्यो पर्दैन' भन्ने, 'ठोरीराम' भन्दै छिमेकी चिढ्याउने, नक्सा बनाएको देखाएर राष्ट्रवाद भन्ने, तर त्यो नक्सा प्रयोग नगर्ने, भ्यू टावर र विमानस्थलहरूमा कमिसन मोहमा पर्ने, आफ्नै मान्छेबाहेक अरू नदेख्ने, कार्यकर्ताबाहेक जनता नै नदेख्ने आफ्नै झुन्डहरूबाट आफूलाई राजनेता भनाउनेजस्ता गलत शैलीले सजिएको निर्लज्ज र नकच्चरो शासन बिदा भएको छ । त्यो राणाशासन थियो, दोस्रो राणाशासन ढलेको छ अहिले, तेस्रो पनि ढाल्ने अवस्था आइनलागोस् ।

